

# ७ पारिवारिक एकताको निम्ति आवश्यक तत्वहरु

*यस अध्यायका मूल सार पदहरू:* उत्पत्ति ३३:१२-१४, रुथ १:१६-१८, यूहन्ना १७:२१-२६,गलाती ३:२८,एफिसी २:११-२२ र एफिसी ५:२१-६:९।
*यस अध्यायको मूल सार पद:* **"हे परमेश्वर पिता जसरी म तपाईंमा र तपाईं ममा हुनुहुन्छ, त्यसरी नै तिनीहरू पनि हामीमा एक होऊन्, जसले गर्दा सारा संसारले विश्वास गरोस् कि तपाईंले नै मलाई पठाउनुभएको हो"** (यूहन्ना १७:२१ रूपान्तरित)।

विभिन्न मानिसहरू आफ्नो परिवारसँग विभिन्न तरिकाले समय बिताउँछन्। जब घरमा बालक जन्मिन्छ तब आमाबाबुमा आमूल परिवर्तन आउँछन्। यो परिवर्तन जिन्दगीभर रहन्छ। हो, कहिल्यै नभएको बालक वा बालिका जन्मदा उसले नयाँ अस्तित्व लिएर जन्मनुपर्ने हुन्छ। त्यो उसको निम्ति मूल परिवर्तन हुन आउँछ। अनि बालबालिकाहरू हुर्कन्छन् र जीवनको बिभिन्न आयामहरूमा अघि बढ्छन्। तिनीहरूको आफ्नै परिवारहरू हुन्छ, घर छोड्छन् आफ्ना छोराछोरीहरू पनि ठूलो हुँदै जान्छन्।

यद्यपि, हामीहरू परिवारमा रहेर चाहे बाबुआमा होऔं वा छोराछोरीहरू होऔं हामीहरू सबैले एउटै तत्वसँग संघर्ष गर्नुपर्छः त्यो हो हामीहरूको पापी स्वभाव। यसले गर्दा परिवारमा हुनुपर्ने एकतालाई कायम राख्न हामीले पौंठाजोरी खेल्न वाध्य हुनुपरेको छ।

हो, येशू ख्रीष्ट क्रुसमा मर्नुभएर परमेश्वरसँग र एक आपससँग सारा मानव जातलाई मिलाइ दिनुभयो (एफिसी २:१३-१६, कलस्सी १:२१-२३) तैपनि हामीलाई उपलब्ध गराएको येशूको अनुग्रहलाई हामीहरूले उपभोग गर्न दैनिकरूपमा व्यवहारमा उतार्नुजरुरी छ। येशूको अनुग्रहको शक्तिद्वारा हामीहरूले हामीहरूको परिवारलाई एकतामा राख्न सक्दछौं र उहाँप्रतिको

विश्वासलाई दैनिक जीवनमा जीवित राख्न सक्दछौं। हामीहरूले हामीहरूको आफ्नै प्रयास वा धर्मकर्मले आत्मिक जीवनलाई निरन्तरता दिन सक्दैनौं तर येशूको अनुग्रहले सक्दछौं।

## १. येशू हामीहरूको केन्द्रविन्दु

येशू ख्रीष्ट र उहाँलाई विश्वास गर्ने उहाँका भक्तहरूको बीचमा हुने नयाँ एकतालाई पावलले कसरी चित्रण गरेका छन्? हेर्नुहोस्, येशूमा "दुई"बाट "एक" कसरी भयो?

**एफिसी २:११-२३ "११ उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार १२ हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ। १३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ। १५ प्रभु येशूप्रति रहेको तिमीहरूको विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, १६ मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ। १७ म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्। १८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, २० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो,**

र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।" र गलाती ३:२६-२९ "२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।

जातभात, संस्कार, संस्कृति, परमपरा, रङ्गभेद, देशीबिदेशी, नर नारी आदिले मानव जातिलाई अलग राख्ने वा तगारो बन्ने कुनै पनि तत्वहरूलाई येशूको क्रुसले हटाउँदछ। पौराणिक इस्राएलको येरुशलेम शहरमा पवित्र मन्दिर थियो। त्यहाँ पर्खालहरू हुन्थे। ती पर्खालहरू यहूदी र अयहूदीहरू र नर र नारीलाई अलग राख्न खडा गरिएका थिए। येशू ख्रीष्टमा यहूदी र अयहूदीहरू एक भएका छन् भनेर वर्णन गर्दै राष्ट्र राष्ट्रको बीचमा, जात जातिको बीचमा, समाजमा हुने धनी, प्रतिष्ठित र गरिबको बीचमा र नर र नारीको बीचमा हुने विभाजनलाई पनि त्यही क्रुसले भत्काइदिएको छ भनेर पावलले भन्दछन्। "उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्।" (एफिसी २:१५ रूपान्तरित)। कुनै पनि विवाहित जोडीको निम्ति यो असल खबर हो। येशू ख्रीष्टमा दुई जोडी एकै हुन्छ। लामो समयसम्म बिभाजित परिवार पनि विश्वासद्वारा येशूमा एक हुनसक्छ।

येशूमा एक हौं भनेर बाइबलबाट उद्धृत गरेर अरूलाई सुनाउने एक पक्ष हो तर वास्तविकरूपमा त्यसको अनुभव गर्नु अर्को पक्ष हो। हामी इसाई हौं भनेर दावी त गर्छौं तर हामीहरूको व्यवहारिक जीवनमा हामीहरूलाई दिइएका प्रतिज्ञाहरूलाई आत्मसात् गर्दै विश्वासीहरूको बीचमा एकता, समानता र एकै हौं भनेर अनुभव गर्नु अत्यन्तै जरुरी छ। हेर्नुहोस् देहायका केही पदहरूः रोमी ६:४-७ "४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं।

५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ।", २ कोरन्थी ५:१६-१८ "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई (न त अरू कुनैलाई) त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो।" र एफिसी ४ "१ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर। २ सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, ३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर। ४ शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ, जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ ५ एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, ६ हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ। ७ तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ। ८ यसकारण यसो भनिएको छः उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।' ९ (अब यो 'उच्चमा चढ़िजानुभयो' भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। १० उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्।) ११ अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, १२ कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। १४ यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले

र मानिसहरूका जालझेल, धूर्तता र फट्याइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। १५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ। १७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्। २० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।"

"हामी एउटा ठूलो गोलो घेराको चित्रण गरौं र त्यस गोलो घेराको बीचमा एक थोप्लो चिन्हो लगाऔं। तर घेराको सबै किनाराबाट धेरै धर्कोहरू

तानौं जसले बीचको थोप्लोमा पुऱ्याउँछ। जब ती धर्कोहरू त्यस बीचको थोप्लोमा पुग्छन् ती धर्कोहरू एक आपसमा नजिक हुँदै जान्छन्। जति हामी येशूको नजिक आउँछौं त्यति नजिक हामी एक आपसमा हुन्छौं।"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. १७९बाट रूपान्तरित।

"बाबु र छोरोको बीचमा, श्रीमान र श्रीमतीको बीचमा येशूख्रीष्ट मध्यस्थकर्ता वा बिचौलिया भएर उभिनुहुन्छ, चाहे तिनीहरूले यसको महसुस गर्न सकुन् वा नसकुन्। हामी आफैबाट अरूसँग सिधै सम्पर्क गर्न सक्दैनौं तब उहाँद्वारा, उहाँको वचनद्वारा र उहाँलाई पछ्याएरमात्र अरूको नजिक हुनसक्छौं।"-डिइट्रिक बोन्होइएफर, द कस्ट अभ डिसाइपल्सशिप (न्यु योर्कः माकमिलन, १९७९), पृ. १०८बाट रूपान्तरित।

**त्यस गोलो आकारभित्रको केन्द्रमा रहेको थोप्लोमा गइरहेको धर्को नजिक भइरहेको जस्तो तपाईंको परिवार, चर्च परिवार एक आपसमा कति नजिक हुनुहुन्छ? त्यो बीचमा जाँदै गर्दा नजिक हुने प्रक्रियालाई रोक्ने कस्ता तत्वहरू छन् जसलाई तपाईंले हटाउनु पर्छ?**

## २. येशूको प्रेमद्वारा एक हुनु

**"१२ जसरी हामी तिमीहरूलाई प्रेम गर्दछौं त्यसरी नै प्रभुले तिमीहरूलाई एउटाले अर्कासँग र सबै मानिससँग प्रेममा बढ्ने र प्रशस्त भइरहने तुल्याऊन्, १३ यस हेतुले कि उहाँका सबै सन्तहरूका साथमा हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन हुँदा उहाँले हाम्रा परमेश्वर पिताको सामुन्ने तिमीहरूका हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराऊन्।" (१ थेस्सोलिनिकी ३:१२ रूपान्तरित)।**

**येशूलाई विश्वास गरेर उहाँको भक्तिमार्गमा हिंड्नेहरूको निम्ति उहाँले आफ्नो पितासँग यसरी बिन्ति गर्नुभयो, "जसरी तपाईं र म एक हौं त्यसरी नै तिनीहरू पनि एक होऊन्" (यूहन्ना १७:२२ रूपान्तरित)। येशूको मर्मभित्र पस्नुहोस् र यहाँ उहाँले के भन्न खोजिरहनुभएको छ सो सोच्नुहोस्। विश्वासीहरूको बीचमा एकता हुन एक आपसमा प्रेम किन नभइ नहुने तत्व थियो?**

यूहन्ना १७ अध्यायमा उल्लेख गरिएको येशूको प्रार्थना उहाँको निम्ति र हाम्रो निम्ति अत्यन्तै निर्णायक प्रार्थना थियो। जब उहाँले प्रार्थना गर्नुभयो उहाँको मूख्य चासो भनेको उहाँका भक्तहरूको बीचमा एकता होस् भन्ने थियो।

मानिसको स्वार्थी भावनाले अभिप्रेरित भएर होइन तर येशूको जस्तो निश्वार्थी भावनाले अभिप्रेरित भएको अगापे प्रेम विश्वासीहरूलाई एकतामा राख्न नभइनहुने तत्व हो। अगापे वा येशूले गर्नुभएको प्रेम झैं गरिने प्रेमलाई व्याख्या गर्न बाइबलले "अगापे" agape भन्ने शब्द प्रयोग गर्दछ। येशूले यूहन्ना १७मा प्रयोग गर्नुभएको प्रेमलाई यही अगापे शब्द प्रयोग गर्नुभएको थियो। नयाँ करारका धेरै ठाउँहरूमा प्रेम भनेर सम्बोधन गर्दा प्रायजसो यही अगापेलाई प्रयोग गरिएको पाइन्छ। यस खालको वात्सल्य तथा अरूको हित हुने प्रेमले परमेश्वरकै स्वभावलाई चित्रण गर्दछ (१ यूहन्ना ४:७,८ "७ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। ८ प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।" र कुनै पनि व्यक्ति जसले आफू इसाई  वा येशूका अनुयायी हुँ भनेर पहिचान गराउन चाहन्छ भने उसको प्रेमिलो स्वभावले देखाउँदछ ("३४ एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। ३५ यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" यूहन्ना १३:३४-३५)। पापै पापमा डुबिरहेको मानिसको स्वभावमा यस खालको परमेश्वरको प्रेम आफसे आफ आउँदैन। जब येशू ख्रीष्ट विश्वासीको हृदयमा बास गर्नुहुन्छ तब पवित्र आत्माद्वारा उहाँको जस्तो प्रेम उत्पादन हुन्छ (रोमी ५:५ "आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ" र रोमी ८:९-११ "९ यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन। १० यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। ११ तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ")।

न त तिमीहरूले जस्तो वा अरू कुनैको जस्तो तर "मैले नै गरेको जस्तो प्रेम तिमीहरू एक आपसमा गर" (यूहन्ना १५:१२ रूपान्तरित) भनेर

येशूले चेलाहरूलाई अर्ती, अनुरोध र सल्लाह होइन तर निर्देशन दिनुभएको थियो। यी वचनहरू लेख्ने येशूका चेला यूहन्नालाई सुरूमा त्यस खालको प्रेम थाहा थिएन। उनी कसैले मन नपराउने र माया गर्ने खालका व्यक्ति थिएन, उनी हठी र उच्च पदको निम्ति तँछाडमछाड वा अरूको मोलमा आफ्नो भाऊ खोज्ने खालका, अरूको आलोचना गर्ने, अरूको नराम्रो बानीलाई कोट्याउन आत्तुरी हुने र जङ्गी तथा रिसाह मिजासका थिए (मर्कूस ३:१७, लूका ९:५४,५५ र डिजाएर अभ एजेज् पृ.२९५)। उनको रुखो र नराम्रो बानी भएतापनि उनलाई येशूले गरिरहनुभएको प्रेमको बारेमा उनलाई याद भएको थियो। येशूको प्रेमले उनको जीवनमा कायापलट अर्थात् परिवर्तन भएको थियो। त्यसले गर्दा उनमा इसाई एकताको निम्ति अरूलाई प्रेम गर्न सामर्थ भएका थिए। "उहाँले नै हामीलाई पहिला प्रेम गर्नुभएकोले हामीले पनि उहाँलाई प्रेम गर्छौं" (१ यूहन्ना ४:१९) भनेर व्यक्त गर्दै यो थप्दछन् "यदि परमेश्वरले हामीलाई प्रेम गर्नुभयो भने हामीले पनि एक आपसमा प्रेम गर्नुपर्दछ" (१ यूहन्ना ४:११ रूपान्तरित)।

**प्रेमको परिभाषा दिँदै पावलले "यदि म" भनेर व्याक्यको सुरूमा १ कोरन्थी १३:१-८मा प्रयोग गर्छन्। जहाँ जहाँ प्रेम भन्ने शब्द आउँछ त्यहाँ त्यहाँ तपाईंले आफ्नो नाउँ राख्नुहोस्। प्रेमको परिभाषासँग तपाईंको स्वभाव कसरी मिल्दछ? पवित्र आत्माको सहयोगले प्रेमका ती गुणहरू तपाईंको जीवनमा रहन येशूसँग प्रार्थना गर्नुहोस्। तपाईंले आफूलाई इसाई हुँ भनेर दावी गर्नुहुन्छ त्यस दावी अनुसार तपाईंको जीवनमा इसाई जीवनको आदर्शलाई झल्काउन चाहनुहुन्छ भने पवित्र आत्माले घचघचाउनुभए अनुसार के स्वभावहरूमा परिवर्तन ल्याउनुपर्छ? हेर्नोस् "१ मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोलें तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु। २ मसँग अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरू बुझ्न सकूँला, र पहाड़हरू हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइनँ। ३ यदि मैले सारा सम्पत्ति बाँड़िदिएँ, र मेरो शरीर जलाउनलाई दिइहालें, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन। ४ प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। ५ प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। ६ प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार**

**गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ। ८ प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ।"**

## ३. स्वार्थीपनाः परिवारलाई ध्वस्त पार्ने तत्व

**"यदि घमण्ड, अहंकारी र स्वार्थी भावनाहरूलाई पन्छाइयो भने पाँच मिनेट भित्रमा प्रायजसो सबै अप्ठ्यारा समस्याहरू हटिनेछन्"-एलेन जी ह्वाइटः** ***अर्ली राइटिङ्गस्,*** पृ. ११९बाट रूपान्तरित।

पापी भएको कारणले हाम्रो मानव स्वभावलाई पापले भ्रष्ट पारेको छ। भ्रष्ट स्वभावको सबभन्दा ठूलो श्राप भनेको सायद स्वार्थीपना हुनसक्छ। हामी स्वार्थी भएर नै जन्मेका हुन्छौं भनेपनि हुन्छ। ठूलो भएपछिमात्र होइन साना केटाकेटीहरूमा पनि यो भावनाको यथार्थतालाई सबैले देख्न सक्छन्। साना बालबालिकाहरूको मूल स्वभावनै आफ्नोलागि चाहना गर्नेहुन्छ। "मेरो, मलाई, मलाई" भनेर तिनीहरू चिच्याउँछन्। जब हामी ठूलो हुन्छौं तब त्यो स्वभावले अत्यन्तै बिकराल वा नराम्रो रूप लिन सक्छ। विशेष गरेर घरपरिवारमा यो स्वभावले अड्डा जमाएको हुन्छ।

त्यस स्वभावलाई परिवर्तन गर्न नै येशू आउनुभएको थियो (एफिसी ४:२२-२४ "२२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर)। यस विध्वंसकारी स्वभावको दास हामी हुनु आवश्यक छैन भनेर उहाँको वचनले हामीलाई प्रतिज्ञा गर्दछ। स्वार्थबिनाको जीवन कस्तो हुनुपर्छ भनेर येशूले आफ्नो सम्पूर्ण जीवनकालबाट अनुकरणीय उदाहरण बनेर सिकाउनुभएको छ। यदि हामी येशूभक्त हौं भनेर दावी गर्छौं भने केही हदमा हामीले उहाँको अनुसरण गर्नैपर्छ (१ यूहन्ना २:६ "उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ")। येशूको चाल अनुसार हामी चल्यौं भने आफ्नै लागिमात्र स्वार्थी जीवनबिताउने बानीलाई जित्न सक्दछौं।

**निस्वार्थी वा आफ्नो भन्दा अरूको वास्ता गर्ने जीवन कस्तो हुन्छ भनेर देहायका केही पदहरूले भनेको कुरा पढ्नुहोस्: फिलिप्पी २:१-६ "१ यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही**

**सङ्गति, केही स्नेह र सहानुभूति छ भने, २ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। ३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन।" र १ यूहन्ना ३:१६-१९ "१६ यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ?१८ साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं। १९ यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड्स दिन सक्छौं।"**

यस बुँदाको सुरूमा एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना अत्यन्त समयसापेक्षिक र सान्दर्भिक छ। हामीहरूको घर परिवार वा चर्चमा पनि यदि हामीहरूमा भएका अहंकारिता, हठी, स्वार्थीपना र घमण्डलाई पन्छाउन राजी भयौं भने धेरै समस्याहरूको समाधान तुरन्तै हुनसक्छ। ती तत्वहरूलाई नपन्छ्याइ मनमा नै पाक्न दिइरह्यो भने आखिरमा त्यसले अत्यन्तै नराम्रो रुप लिन सक्छ। आमाबाबु वा परिवारका सबै सदस्यहरूले पापको यस कुरुप स्वभावलाई ("प्रेम र विश्वासयोग्यताद्वारा पापको प्रायश्चित हुन्छ, परमप्रभुको भयद्वारा मानिस खराबीदेखि अलग रहन्छ।" हितोपदेश १६:६) क्रुसको छहारीमा फुकालि दिनुपर्दछ। निस्वार्थपनाको उत्कृष्ट अनुकरणीय उदाहरण यस जगतमा येशूबाहेक अरू कोही छैन। एकैपटक हामीहरूको स्वार्थी भावनालाई हामी त्याग्न नसकौंला तर क्रुसमा आइरहनेबानी हामीमा हुनुपर्छ। येशूमा आस्था राख्दै प्रार्थना गर्दै, आँशु बगाएर र उहाँमा समर्पित हुँदै हामीले निस्वार्थी हुन घुँडा टेकेर बिन्ती गर्ने बानी बसाल्नुपर्छ।

**जीवनमा संघर्ष गरिरहनुभएको यस स्वार्थी भावनालाई पन्छाउन तपाईंले क्रुसको छहारीमा कति समय बिताइरहनुभएको छ? तपाईंले येशूसँग कति समय बिताइरहनुभएको छ भनेर मत्ती ७:१६,१७ले कसरी चिरफार गर्दछ? हेर्नुहोस् "१६ तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढ़ाका**

बोटबाट अंगूर अथवा सिउँडीबाट अञ्जीर टिपिन्छ र? १७ त्यसै गरी हरेक असल रूखले असल फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ।"

## ४. विनम्रतापूर्वक एक आपसको अधीनमा बस्ने बानी बसाल्नु

यदि हामी हाम्रो आपसी सम्बन्धलाई बलियो राख्न चाहन्छौं र येशू सम्मत अरूको सेवा गर्न चाहन्छौं भने नम्रता र सेवाको भावनामा हामी लागिरहनु आवश्यकछ। यही नम्रता, झुक्न चाहने मनस्थिति तर अरूलाई झुकाउन होइन चर्चमा र घरमा त झन नभइनहुने गुण हो। यस सन्दर्भमा पावलले के भन्छन्? हेर्नुहोस्: एफिसी ५:२१-६:९ '२१ ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस। २२ पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्। २५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्। २८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं। ३१ 'यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।' ३२ यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु।" र एफिसी ६:१-९ "१ छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। २ आफ्ना बुबा र आमाको मान गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), ३ कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ। ४ बुबा हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको

**अनुशासन र शिक्षामा हुर्काओ। ५ कमारा हो, डर र कम्पसाथ साँचो हृदयले ख्रीष्टलाई गरेझैं यस संसारका तिमीहरूका मालिकहरूको आज्ञापालन गर। ६ मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर। ७ मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर, ८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम पाउनेछ। ९ मालिक हो, आफ्ना कमाराहरूसँग त्यस्तै व्यवहार गर, र धम्की दिन छोड, यो जानेर कि तिमीहरू दुवैका मालिक स्वर्गमा हुनुहुन्छ, र उहाँमा पक्षपात छैन।"**

"एक आपसको अधीनमा बस्नु" (एफिसी ५:२१)को अर्थ स्वइच्छाको आधारमा नम्र भएर आफूलाई अर्कोको अधीनमा राख्नु हो। यो विशेष नीति येशूनीति हो र यो उहाँबाटै सुरू भएको थियो (मत्ती २०:२६-२८, यूहन्ना १३:४,५ र फिलिप्पी २:५-८)। सबै जो उहाँको आत्मा र जोशले भरिएका हुन्छन् (एफिसी ५:१८) तिनीहरूमा यो गुण हुनैपर्छ। तर यो गुण बलजफ्ती मानिसमा उम्रन्दैन। यो गुणको केन्द्रविन्दु वा स्रोत भनेको "येशूप्रतिको श्रद्धा" हो (एफिसी ५:२१)। येशूलाई विश्वास गर्दा र उहाँको चाहना अनुसार चल्दा, उहाँको आत्माद्वारा परिचालन हुँदा विश्वासीहरू आफ्नो भाऊ खोज्ने प्रवृत्तिको ठाउँमा अरूको भाऊ बढाउन उत्सुक हुन्छन्। एक आपसमा खुला हृदयले व्यवहार गर्ने पारस्परिक समझदारी इसाई शिक्षाको क्रान्तिकारी पक्ष थियो र अहिले पनि छन्। यदि यो मनस्थितिले मानिसहरू चल्न सके सामाजिक सम्बन्धमा सुधारमात्र होइन समाजमा आमूल परिवर्तन नै ल्याउनसक्दछ। आत्मिक वास्तविकतामा यस गुणले जीवन प्रदान गर्दछ र येशूमा हामी सबै एकै हौं भन्ने संस्कारमा हामीलाई ढाल्दछ। यस गुणले सुसज्जित मानिसमा ठूलो सानो भन्ने भावना हुँदैन।

*घरेलु नीति...* येशूको श्रद्धामा रहेर एकआपसको अधीनमा रहने बानी घरबाटै सुरु हुन्छ। यदि घरमा यो नीति प्रभावकारी भयो भने चर्चमा पनि नाटकीयरूपमा प्रभाव पार्न सक्छ। एक आपसको अधीनमा बस्ने नीतिको चर्चा गरे लगत्तै त्यो घरमा लागु हुनुपर्नेमा उनी जोड गर्छन्।

जातीय, लैङ्गिक, आर्थिक असमानताले ग्रष्त भएको हाम्रो समाजमा एफिसी ५:२२-६:९को नीति अनौठो हुनसक्छ। समाजमा भइरहेको सामाजिक चलनलाई जबरजस्ती परिवर्तन ल्याउने इसाई नीति होइन तर यदि येशूलाई

विश्वास गर्नेहरूले उहाँको नीति अनुसार चलेर स्वइच्छाले एक आपसको अधीनमा बस्ने संस्कार स्वीकार गर्न सके घरमा, चर्चमा र समाजमा आमूल परिवर्तन ल्याउने निश्चित छ।

**सामाजिक संस्कारमा दविएका र कमजोर ठानिएकाहरूलाई पावलले किन पहिला सम्बोधन गर्दछन्? पत्नीहरू, छोराछोरीहरू र नोकरचाकर वा दासहरू कसरी अधीनमा बस्नुपर्छ भनेर पावलले निर्देशन दिन्छन्। देहायका पदहरूमा पावलको भनाइलाई यसरी पुष्टि गरिएको छः**

| एफिसी ५:२२ | एफिसी ६:१-३ | एफिसी ६:५-९ |
|---|---|---|
| २२ पत्नीहरू हो, प्रभुका अधीनमा भएझैं तिमीहरू आ-आफ्ना पतिका अधीनमा बस २३ किनभने मण्डली खीष्टको शरीर र खीष्टचाहिँ मण्डलीलाई मुक्ति दिने शिर हुनुभएझैं पत्नीको शिरचाहिँ पति हो। २४ त्यसो हुँदा मण्डली खीष्टको अधीनमा रहेझैं पत्नीहरू पनि सबै कुरामा आ-आफ्ना पतिको अधीनमा बसून्। | १ बालकहरू हो, आफ्ना आमा-बुबाले भनेको मान, यो परमेश्वरलाई मनपर्ने कुरो हो। २ आफ्ना आमा-बुबाको आदर गर्नू भन्ने धार्मिक आज्ञामा मात्र यस्तो प्रतिज्ञा पनि छः ३ त्यसो हुँदा तिमीहरूको भलाइ हुनेछ र पृथ्वीमा धेरै दिन बाँच्नेछौ। | ५ नोकरचाकरहरू हो, खीष्टको सेवा गरेझैं इमानदारिसाथ तिमीहरूका संसारका मालिकहरूको डर राखेर आज्ञा मान्नू। ६ तिमीहरूको काम आँखाको अघि मान्छेलाई देखाउने र उनीहरूबाट स्याबासी पाउने किसिमको मात्र नहोस् तर परमेश्वरको इच्छाअनुसार खीष्टकै कमारोले झैं पूरै दिलोज्यानले काम गर। ७ मानिसलाई गरेजस्तो होइन तर प्रभुलाई नै जस्तो गरी खुसीले काम गर। ८ कमारो भए पनि नभए पनि राम्रो काम गर्ने जति सबैलाई प्रभुले इनाम दिनुहुनेछ, यो कुरा तिमीहरूलाई थाहै छ। ९ मालिकहरू हो, त्यसै गरी तिमीहरूले पनि आफ्ना नोकरचाकरलाई राम्रो व्यवहार गर र उनीहरूलाई धम्की नदेओ किनभने तिमीहरू र उनीहरू दुवैको एउटै मालिक स्वर्गमा हुनुहुन्छ भन्ने नबिर्स। उहाँले न्याय गर्दा कसैको पक्षपात गर्नुहुन्न। |

समाजका वर्गहरू जोसँग सामजिक अधिकार छन् तिनीहरूलाई दोस्रो पङ्क्तिमा राखेर पावलले सम्बोधन गर्दछन्। तिनीहरूमा पतिहरू, आमाबाबुहरू र मालिक वा हाकिमहरू पर्दछ। जुनरूपमा ती निर्देशनहरू दिइएका छन् त्यो तत्कालीन समाजको निम्ति नौलो थियो। प्रथम शताब्दीका विश्वासीहरूलाई पावलको त्यो निर्देशनले शायद छक्क पारेको पनि हुनसक्छ। ती तिनै समूहहरूको मूल केन्द्रविन्दु येशूलाई औंल्याइएको छ। येशूको क्रुसमुनि समाजको सबै वर्गहरू समान छन् भनेर अनुभव गर्न ती पदहरूले चुनौति दिन्छन्ः (पति पत्नीको शिर हो जसरी येशू चर्चको शिर हुनुहुन्छ अर्थात् पतिको शिर हुन उनमा येशूको चरित्र अपेक्षा गरिएको छ। छोराछोरीहरूले आमाबाबुहरूलाई कुन् आधारमा आदर गर्नु त? यदि आमाबाबुहरूले छोराछोरीहरूबाट आदर पाउन चाहन्छन् भने तिनीहरू (आमाबाबुहरू) आफै प्रभुमा रहनुपर्दछ, मालिक वा हाकिमहरूले आफ्ना नोकर वा कर्मचारीहरूबाट सेवा चाहन्छन् भने तिनीहरूले पनि परमेश्वरको अधीनमा छु भन्ने महसुस गर्नुपर्छ-अनुवादकको थप व्याख्या)।

## ५. हामीले बाचा गरेको प्रेममा रहने प्रतिवद्धता

अन्तमा आएर परिवारमा मिलेर बस्ने र एक हुने कुरा विवाहको सुरूमा गरिएको प्रतिज्ञामा भरपर्छ। जब पुरुष र स्त्री विवाहको शुत्रमा बाँधिन राजी हुन्छन् तब तिनीहरूले एक आपसमा प्रेम गर्ने, एक आपसमा दुःख सुखमा हेरचाह गर्ने र वैवाहिक जीवनमा एकै शरीर भएर परमेश्वरबाहेक तिनीहरूको बीचमा कोही आउन नदिने वाचा तिनीहरूले बाँधेका हुन्छन्। तर दुःख लाग्दो कुरो त यो छ धेरैको विवाह पछि तिनीहरूले गरेको बाचा भत्किन दिएको मानवीय कथाहरूले बाइबल बुनिएको पाइन्छ। दम्पतीको बीचमा विश्वास टुक्रिएको, एकआपसलाई साथ दिने वाचाको वेवास्ता गरेको र परमेश्वरलाई साक्षी राखेर आपसी प्रेमको बन्धनमा बाँधिरहने प्रतिवद्धता असफल भएका कथाहरू दुःखलाग्दो उदाहरणहरूको रूपमा बाइबलले प्रस्तुत गरेको छ। फेरि सर्वसाधारण मानिसहरूको त्यस्ता उदाहरणहरू बाइबलमा प्रस्तुत गरिएको छ जो परमेश्वरको सहयोगले, एकआपस र परिवारप्रतिको प्रतिवद्धताले र साथीभाइहरूको सहयोगले तिनीहरूले वचनलाई नडगमगाइ पालन गरेका थिए।

देहायका केही परिवारहरूको कथाहरू पढ्नुहोस्। तिनीहरूले आपसमा गरेका वाचाहरू कति हदसम्म पालन गरेका थिए? एकआपसका बाँधिएका वाचाहरूलाई पालन गरिरहेको भए तिनीहरूमा कतिपय परिवारहरू बलियो भएर बस्न सक्दथे होलान्? यहाँ उल्लेख गरिएका कथाहरूमा पति पत्नी र परिवारहरूको बीचमा जिम्मेवार हुन केले हौसला प्रदान गरेको थियो? हेर्नुहोस्ः बाबुआमा र छोराछोरीहरूको बीचमाः उत्पत्ति ३३ः१-१७ “१ एसाव, आफ्ना चार सय मानिसहरूसँग आउँदै गरेका याकूबले देखे। उनले आफ्ना छोरा छोरीहरूलाई लेआ, राहेल र दुई दासीहरूका बीचमा बाँडिदिए। २ उनले दासीहरू र तिनका छोराहरूलाई सबैभन्दा अघि राखे, त्यसपछि लेआ र तिनका छोरा-छोरीहरूलाई राखे र सबैभन्दा पछाडि राहेल र योसेफलाई राखे। ३ तिनीहरू सबैका अघि-अघि याकूब गए र दाजुका छेउमा पुग्दा भूइँ छोएर सातचोटि दण्डवत् गरे। ४ तर एसावले दगुरेर गई याकूबलाई भेटे, उनलाई अँगालो हाले र म्वाइँ खाए। ती दुवै रोइरहेका थिए। ५ एसावले यताउता हेरेर ती स्वास्नी-मानिसहरू र छोरा-छोरीहरूलाई देखे र सोधे, "यी तिमीसित भएका मानिसहरू को हुन्? " "हजुर, यिनीहरू मलाई परमेश्वरले कृपा गरिदिनुभएको मेरा जहान, बालबच्चा हुन्," याकूबले जवाफ दिए। ६ त्यसपछि ती दुई दासी र तिनका छोराहरू आएर एसावलाई ढोगे। ७ त्यसपछि लेआ र तिनका छोरा-छोरीहरू र सबैभन्दा पछि राहेल र योसेफ आएर तिनलाई ढोगे। ८ एसावले सोधे, "मैले बाटोमा भेटेको मानिस र पशुका हुलहरूको अर्थचाहिँ के हो? " याकूबले उत्तर दिए, "तपाईंको दया पाऊँ भनी त्यसो गरेको हो।" ९ तर एसावले भने, "भाइ, मसित प्रशस्त छ। तिम्रा जे छन्, ती तिमीसितै राख।" १० याकूबले भने, "होइन, तपाईंको दया ममाथि छ भने मेरा यी सौगात ग्रहण गरिदिनुहोस्। तपाईंले ममाथि यति ठूलो निगाह राख्नुभयो। यसरी तपाईंको दर्शन पाउँदा मलाई त परमेश्वरको दर्शन पाएझैं भयो। ११ कृपा गरी, मैले तपाईंलाई ल्याएका यी सौगात ग्रहण गरिदिनुहोस्। परमेश्वरले ममाथि दया गर्नुभएको छ र मलाई चाहिने हरेक थोक दिनुभएको छ।" यसरी याकूबले बिन्ती गरिरहे र एसावले ती स्वीकार गरे। १२ एसावले भने, "अब हामी जान तयार गरौं। म तिम्रो अघि-अघि जानेछु।" १३ याकूबले भने, "तपाईं जान्नुहुन्छ कि मेरा छोरा-छोरीहरू दुर्बल छन्। मैले गाई-गोरु, भेडा-बाख्रा र तिनका बच्चाहरूबारे पनि ख्याल राख्नुपर्छ। तिनीहरूलाई एक दिन मात्र पनि साह्रै हिंडाएँ भने सारा बथान मरिजालान्। १४ तपाईं अघि-अघि जानुहोस् र म

बिस्तारै पछि-पछि आउनेछु। गाई-वस्तु र बालबच्चासित म जतिसक्दो चाँडो हिँड्नेछु र तपाईंलाई सेइरमा भेट्नेछु।" १५ एसावले भने, "तब मेरा केही मानिसहरू तिमीसित छोडिराख्छु।" तर याकूबले उत्तर दिए, "त्यसको पनि खाँचो छैन। मलाई खालि तपाईंको दया भए पुग्यो।" १६ त्यही दिन एसाव सेइरतर्फ हिँडिहाले। १७ तर याकूब सुक्कोततिर लागे। त्यहाँ उनले आफ्ना लागि एउटा घर र गाई-वस्तुका लागि ओत लाग्न छाप्राहरू बनाए। त्यसकारण त्यस ठाउँको नाम सुक्कोत राखियो।" र प्रस्थान २:१-१० "१ यस्तै बेलामा एक जना लेवी कुलका मानिसले आफ्नै कुलकी एउटी नारीलाई विवाह गरे। २ त्यस नारीले एउटा छोरो जन्माइन्। बालक अत्यन्त सुन्दर देखेर त्यसलाई उनले तीन महिनासम्म लुकाएर राखिन्। ३ बालकलाई अझै लुकाइराख्न नसक्दा उनले एउटा कुशको टोकरी लिइन् र अलकत्राले पोतेर पानी नपस्ने बनाइन्। बालकलाई टोकरीमा हालेर नदीको किनारमा अग्ला घाँस-पातका बीच छोडिदिइन्। ४ बालककी दिदी केही टाढामा उभिएर त्यसलाई के हुन्छ भनी हेरिरहेकी थिईं। यसै बीचमा नदीमा नुहाउन राजाकी छोरी आइन्। उनका सुसारेहरू नदीको किनारमा टहलिन लागे। अचानक राजकुमारीले घाँस-पातका बीचका टोकरी देखिन् र एउटी दासीलाई त्यो लिन पठाइन्। ६ राजकुमारीले टोकरी उघारेर हेरिन् र बालकलाई देखिन्। बालक रोइरहेको थियो र राजकुमारीको मनमा दया जाग्यो। उनले भनिन्, "यो कुनै एउटा हिब्रू बालक हो।" ७ दिदीचाहिँले राजकुमारीको छेउमा गएर भनी, "म गएर बालकको निम्ति एउटी हिब्रू स्त्रीलाई धाईआमा हुनलाई ल्याइदिऊँ? ८ राजकुमारीले भनी, "लौ हुन्छ।" केटी गएर बालककै आमालाई लिएर आई। ९ राजकुमारीले त्यस स्त्रीलाई भनिन्, "यो बालकलाई लगेर मेरो निम्ति दूध खुवाऊ अनि यसको स्याहारसुसार गर। म तिमीलाई ज्याला दिनेछु।" तिनले बालकलाई लगेर हुर्काइन्। १० बालक निकै हुर्केपछि तिनले राजकुमारीकहाँ पुऱ्याइन्। राजकुमारीले बालकलाई आफ्नै छोरो बनाई काखमा लिइन्। उनले भनिन्, "मैले यसलाई पानीबाट निकालें र म यसको नाम मोशा राख्दछु।"

दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा जिम्मेवारी वा वचनबद्धता देखाउनुः उत्पत्ति ३७:१२-३६ "१२ एक दिन दाजुहरू बुबाका भेडा-बाख्राका बथान चराउन शकेममा गएका बेलामा १३ याकूबले योसेफलाई भने, " म चाहन्छु कि तिमी शकेममा तिम्रा दाजुहरूले भेडा चराएको ठाउँमा जाऊ।" योसेफले उत्तर दिए, " म तयार छु।" १४ बुबाले भने, " गएर तिम्रा

दाजुहरू कुशल छन् कि छैनन्, भेडा-बाख्राहरू ठीक छन् कि छैनन्, हेरेर आऊ र मलाई भन्नु।" यसरी बुबाले उनलाई हेब्रोनको बेसीबाट पठाए। योसेफ शकेममा पुगे र १५ बनमा डुल्दै गर्दा एउटा मानिसले भेटेर उनलाई सोध्यो, "तिमी के खोज्दै छौ?" १६ "मेरा आफ्ना दाजुहरूलाई खोज्दै छु, तिनीहरूले भेडा चराउँछन्," उनले उत्तर दिए, "तिनीहरू कहाँ छन्, के तपाईंले मलाई भन्न सक्नुहुन्छ? " १७ त्यस मानिसले भन्यो, "तिनीहरू यहाँबाट अघि नै गइसके। तिनीहरूले हामी दोतानतिर जाऔं भनेको कुरा मैले सुनें।" योसेफ दाजुहरूलाई खोज्दै गए र तिनीहरूलाई दोतानमा भेटे। १८ तिनीहरूले उनलाई टाढैबाट देखे। उनी तिनीहरू भएको ठाउँमा पुग्नुअघि नै तिनीहरूले उनलाई छल गरेर मार्ने निश्चय गरे। १९ तिनीहरूले आपसमा भने, "त्यो सपना देख्ने आउँदै छ। २० जाऔं, त्यसलाई मारेर त्यसको लाश एउटा सुख्खा इनारमा फालिदिऔं। जङ्गली जनावरले त्यसलाई मारेछ भनी हामी भन्न सक्छौं र त्यसका सपनाहरू के हुँदारहेछन्, हेरौंला।"

२१ रूबेनले तिनीहरूका कुरा सुनेर योसेफलाई बचाउने चेष्टा गरे। "त्यसलाई नमारिहालौं, " उनले भने, २२ "त्यसलाई यहाँ जङ्गलमा यो इनारमा फालिदिऔं तर चोट नलगाऔं।" योसेफलाई बचाएर बुबाकहाँ पठाइदिने उपाय गरेर उनले त्यस्तो भनेका थिए। २३ योसेफ दाजुहरूकहाँ आइपुग्दा तिनीहरूले उसका बाहुला भएका लामा लबेदा खोसेर च्याते। २४ त्यसपछि उनलाई लगेर तिनीहरूले एउटा सुख्खा इनारमा फालिदिए। २५ त्यसपछि तिनीहरू खान बसे। अचानक तिनीहरूले एक हुल इश्माएलीहरूलाई गिलादबाट मिश्रमा गइरहेका देखे। तिनीहरूले आफ्ना ऊँटहरूमा मर-मसला र सुगन्धित धूप इत्यादिका भारी लादेका थिए। २६ यहूदाले दाजुभाइहरूलाई भने, "आफ्ना भाइलाई मारेर त्यसको हत्या लुकाउँदा हामीलाई के फाइदा छ र? २७ बरु त्यसलाई यी इश्माएलीहरूका हातमा बेचिदिऔं। त्यसो भए त्यसलाई चोट पनि लाउनुपर्दैन। आखिरी त्यो हाम्रो भाइ, हाम्रो रगत र मासु हो।" दाजुभाइहरूले उनका कुरा माने। २८ केही मिद्यानी व्यापारीहरू त्यहाँ पुग्दा दाजुहरूले योसेफलाई त्यस इनारबाट तानी निकाले र बीसवटा चाँदीका टुक्रा लिएर इश्माएलीहरूका हातमा बेचिदिए। इश्माएलीहरूले उनलाई मिश्रमा लिएर गए।

२९ रूबेन फर्केर त्यस इनारमा आए। त्यहाँ तिनले योसेफलाई देखेनन् र शोक गरेर आफ्नो लुगा च्याते। ३० तिनले भाइहरू भएको ठाउँमा

गएर भने, "केटो त त्यहाँ छैन। अब मैले के गर्नुपर्ने हो? " ३१ त्यसपछि तिनीहरूले एउटा बाख्रा मारेर त्यसको रगतमा योसेफको लबेदा डुबाए। ३२ त्यो लबेदा तिनीहरूले बुबाकहाँ पुऱ्याएर भने, "यो हामीले भेट्टायौं। के यो तपाईंको छोराको हो? ३३ याकूबले लबेदा चिनेर भने, "हो, यो त्यसैको हो। कुन जङ्गली जनावरले त्यसलाई मारेछ। मेरो छोरा योसेफलाई च्यात्तचुत्त पारेछ।" ३४ तब याकूबले शोक गरेर आफ्ना लुगा च्याते र भाङ्ग्राको लुगा लाए। धेरै दिनसम्म उनले छोराको लागि विलाप गरे। ३५ उनका सबै छोरा-छोरीहरू आएर उनलाई सान्त्वना दिए तर उनले सान्त्वना चाहेनन् र भने, "म मेरो छोराको लागि विलाप गर्दै मृत्युलोकमा जानेछु।" यसरी उनले आफ्ना छोरा योसेफको लागि शोक गरे। ३६ यही बीचमा मिश्रमा पुगेर ती मिद्यानीहरूले योसेफलाई पोतीफरको हातमा बेचिदिए। पोतीफर मिश्रमा राजाको एक जना अधिकृत थिए। तिनी राजमहलको पहरेदारहरूका कप्तान थिए।", परिवारप्रति वचनवद्धताः रुथ १:१-१८ “१-२ धेरै समयअघि इस्राएल देशमा राजा थिएनन्। त्यति बेला देशमा अनिकाल पऱ्यो। त्यसो हुँदा एलीमेलेक नामका एक जना मानिस आफ्नी स्वास्नी नाओमी र दुई जना छोरा महलोन र किल्योनलाई लिएर यहूदा देशको बेथलेहेमबाट मोआब देशमा केही समयको लागि बसाइँ सरे। एलीमेलेक एप्राती वंशका थिए। त्यसरी मोआब देशमा बसेका बेलामा ३ एलीमेलेक मरे र नाओमी एक्लै दुई भाइ छोराहरू लिएर बस्न लागिन्। ४ ती दुई भाइहरूले ओर्पा र रूथ नामका मोआबी केटीहरूसित विवाह गरे। त्यसको प्रायः दश वर्षपछि ५ महलोन र किल्योन दुवै मरे। अब नाओमी लोग्ने र छोराहरूबिना एक्लै भइन्। ६ केही समयपछि परमप्रभुले आफ्ना प्रजालाई फेरि आशीर्वाद दिनुभएकोले राम्रो अन्नबाली हुन लागेको छ भनी नाओमीले सुनिन्। तिनी आफ्ना बुहारीहरूसँग मोआब देशबाट स्वदेश फर्कने तरखर गर्न लागिन्। ७ यहूदामा फर्कन तिनीहरू एकसाथ बाटो लागे। ८ बाटोमा तिनले बुहारीहरूलाई भनिन्, "तिमीहरू माइतीघर फर्क र आफ्ना आमाहरूसँग बस। जसरी तिमीहरूले म र मेरा छोराहरूसँग असल व्यवहार गरेका थियौ, त्यसरी नै परमेश्वरले तिमीहरूको भलो गरून्। ९ परमप्रभुले फेरि तिमीहरूलाई लोग्ने र घरबार देऊन्।" तब तिनले ती दुईलाई बिदा गर्दै म्वाइँ खाइन्। १० तर ती दुवै जना रुन लागे र रुँदै भने, "होइन, हामी तपाईंसित तपाईंका कुल-कुटुम्ब भएको ठाउँमा जानेछौं।" ११ नाओमीले भनिन्, "होइन, छोरीहरू हो, तिमीहरू माइत फर्कनुपर्छ। तिमीहरू के भनेर मसँग आउन

चाहन्छौ? तिमीहरूका लोग्ने बन्नलाई म अरू छोरा जन्माउन सक्नेछैनँ। १२
घर फर्क। म बुढी भइसकेकी छु, म फेरि विवाह गर्न सक्दिनँ। त्यस्तो केही
आशा हुँदो हो र आज राती नै विवाह गरेर छोरा जन्माउन सकें भने पनि
तिनीहरू बढेर ठूला नहोउन्जेलसम्म १३ तिमीहरू पर्खन सकौला र? अनि
अरूसँग विवाह नगरी बस्न सकौला? होइन, छोरीहरू हो, त्यो हुनै नसक्ने
कुरो हो। परमप्रभु, मेरो विरुद्धमा हुनुहुन्छ। मलाई तिमीहरूका निम्ति साह्रै
अफसोस छ।" १४ तिनीहरू फेरि रुन लागे। त्यसपछि ओर्पाले सासूलाई
म्वाइँ खाई र आफ्नो घर फर्की। तर रूथले तिनलाई छोडिनन्। १५ नाओमीले
रूथलाई भनिन्, "हेर, तिम्री दिदी आफ्ना कुल-कुटुम्ब र देवी-देवताकहाँ फर्केर
गई, तिमी पनि त्यसै गर।" १६ तर रूथले उत्तर दिइन्, "तपाईंलाई छोड्न
भनी मलाई कर नगर्नुहोस्। मलाई तपाईंसँगै जान दिनुहोस्। तपाईं जहाँ
जानुहुनेछ र बस्नुहुनेछ, म त्यहीं जानेछु र बस्नेछु। तपाईंका कुल-कुटुम्ब मेरा
कुल-कुटुम्ब हुनेछन्, तपाईंको परमेश्वर मेरो परमेश्वर हुनुहुनेछ। १७ तपाईं
जहाँ मर्नुहुनेछ, म त्यहीं मर्नेछु र त्यहीं नै गाडिनेछु। मृत्युबाहेक अरू कुनै
कुराले मलाई तपाईंबाट अलग पार्नेछैन, त्यसो भयो भने परमेश्वरको महासराप
ममाथि परोस्।"

१८ रूथले आफूसँग जाने पक्का सङ्कल्प गरिसकेकी रहिछ भनी बुझेर
नाओमीले अरू केही भनिनन्।", रुथ २:१-२० "१ नाओमीका एक जना बोअज
नाम गरेका आफ्ना मानिस थिए। नाओमीको लोग्ने एलीमेलेकका परिवारका
एक जना हुनेखाने मानिस थिए। २ एक दिन रूथले नाओमीलाई भनिन्, "के म
खेतबारीमा गएर त्यहाँ काम गर्नेहरूले छोडिराखेका अन्न बटुली ल्याऊँ? कसैले
त मलाई काम गर्न देला नि?" नाओमीले भनिन्, "हुन्छ, छोरी त्यसै
गर।" ३ र रूथ खेतबारीमा गई काम गर्नेहरूका पछिपछि तिनीहरूले छाडेका
अन्नका बाला टिप्न थालिन्। त्यसरी उनी बोअजकै बारीमा काम गर्न पुगिन्।
४ केही समयपछि, बोअज आफैं बेथलेहेमबाट आइपुगे र काम गर्नेहरूलाई भेटी
"परमप्रभु तिमीहरूसँग होऊन्," भने। तिनीहरूले भने, "परमप्रभुले तपाईंलाई
आशिष् दिऊन्!" ५ बोअजले काम गर्नेहरूका मुखियालाई सोधे, "त्यो युवती
को हो?" ६ मुखियाले उत्तर दिए, "त्यो मोआबदेखि नाओमीसित आएकी
विदेशी स्त्री हुन। ७ उसले मलाई काम गर्नेहरूको पछि लागेर शिला-बाला
टिप्न अनुमति मागी। उसले बिहान सबेरैदेखि काम गर्दै छे र अहिले भर्खरै
विश्राम लिन छायाँमुनि बसेकी छे।" ८ बोअजले रूथलाई भने, "तिमीलाई

केही सल्लाह दिऊँ हैरु मेरो खेतबारीमा मात्र काम गर, अरू कतै नजाऊ। यहाँ काम गर्ने महिलाहरूसँग काम गर। ९ तिनीहरूले काम गरिरहेका ठाउँमा बस र तिनीहरूका काम हेर। मेरा मानिसहरूलाई तिमीलाई नसताउन आज्ञा दिएको छु। अनि तिमीलाई तिर्खा लागे गएर मानिसहरूले भरिराखेका गाग्राको पानी पिऊ।" १० रूथले भूइँ छोइञ्जेल झुकेर ढोगेर बोअजलाई भनिन्, "किन मेरो लागि तपाईं यति सोच्नुहुन्छरु म विदेशीसँग किन यति दयालु हुनुहुन्छ? " ११ बोअजले उत्तर दिए, "आफ्ना श्रीमान मरेपछि आफ्नी सासूको निम्ति तिमीले के-कति गऱ्यौ, सो मैले सुनेको छु। तिमीले आफ्ना आमा-बुबा र स्वदेश छोडेर आफूले कहिल्यै नचिनेका मानिसहरूका बीचमा आएर बसेकी म जान्दछु। १२ तिम्रो कामको इनाम परमेश्वरले तिमीलाई देऊन्। इस्राएलका परमेश्वर परमप्रभु, जसको रक्षाको शरण तिमीले लिएकी छौ, उहाँले तिमीलाई पाउनुपर्ने सबै इनाम देऊन्!" १३ रूथले उत्तर दिइन्, "तपाईं ममाथि अति दयालु हुनुहुन्छ, म तपाईंकी एउटी कमारी बन्न लाएककी छैनँ, तापनि मसँग दुई वचन बोलेर मलाई आनन्दित तुल्याउनुभयो।" १४ भोजनको समयमा बोअजले रूथलाई भने, "आऊ, रोटी खाऊ, सिर्कामा चोपेर खाऊ। " उनी काम गर्नेहरूसँग बसिन्। बोअजले उनलाई केही भुटेको अन्न दिए। उनले पेट भरून्जेल खाइन् र अझै केही खानेकुरा उब्रियो। १५-१६ त्यसपछि उनी उठेर अन्न बटुल्न गइन्। तब बोअजले आफ्ना काम गर्नेहरूलाई यस्तो आज्ञा दिए, "बाली काटेर राखेका बिटाहरूका बीचमा पनि उसलाई शिला-बाला बटुल्न देओ, उसलाई रोक-टोक नगर, त्यसबाहेक बाँधेका बिटाहरूबाट पनि केही बाली उसलाई छोडिदेओ र ती उसलाई बटुल्न देओ।" १७ यसरी रूथले बेलुकासम्म खेतबारीमा शिला-बाला बटुलिन् ती बटुलेका बाली कुटेपछि १० किलोग्राम जति अन्न तयार भयो। १८ त्यो अन्न बोकेर उनले सहरमा लगिन् र सासूलाई देखाइन्। अनि उब्रेको खानेकुरा पनि उनलाई दिइन्। १९ नाओमीले सोधिन्, " यति अन्न आज तिमीले कहाँ बटुल्यौ?" तिमीले कसको बारीमा काम गऱ्यौरु तिमीलाई दया गर्ने मानिसलाई परमेश्वरले आशिष् देऊन्! "आफूले बोअजको बारीमा काम गरेको कुरा रूथले नाओमीलाई भनिन्। २० नाओमीले भनिन्, "परमेश्वरले बोअजलाई आशिष् देऊन्, उहाँले दिनुभएको प्रतिज्ञा परमेश्वरले जिउँदो र मरेकाहरू सबैसँग राख्नुहुन्छ। ती मानिस हाम्रा आफ्ना नजिकका नातेदार हुन्। उनले त हामीलाई हेर्नुपर्ने पनि हो।", रूथ ३ "१ एक दिन रूथकी सासू नाओमीले तिनलाई भनिन्, ' हे मेरी छोरी, तिम्रो

आफ्नै घरबार र राम्रो बन्दोबस्त भएर बसेको मैले हेर्न नपाउनू? २ बोअज त
हाम्रा आफ्नै नातेदार हुन्, जसका ठिटीहरूसँग तिमी थियौ। आज राती तिनले
आफ्नो खलामा जौ बत्ताउनेछन्। ३ यसकारण स्नान गरेर तेल हाल र तिम्रा
सबभन्दा राम्रा लुगा लगाई खलामा जाऊ, तर तिनले खानपान गरी नसकुञ्जेल
तिमी ती मानिसकहाँ देखा नपर। ४ तिनी सुत्न जाँदा तिमीले तिनको सुत्ने ठाउँ
हेरिराख। त्यसपछि गएर तिनको खुट्टापट्टिको ओढ्ने उठाएर त्यहीँ ढल्क। तब
तिमीले के गर्नुपर्नेछ सो तिनले नै भन्नेछन्। ' ५ रूथले भनिन्, ' तपाईं जे
भन्नुहुन्छ म गर्नेछु।' ६ तब तिनी तल खलामा गइन्, र तिनकी सासूले भनेझैं
गरिन्। ७ जब बोअजले खानपान गरिसके तब तिनको मन खुशी भयो, र अन्न
थुपारेको एकातिर सुत्नलाई गए। तब रूथ चूपचापसित आइन्, र बोअजको
खुट्टामा भएको ओढ्ने उठाएर ढल्किन्। ८ आधारातमा केही कुराले ती
मानिसको निद्रा भङ्ग भयो, र एउटी स्त्रीलाई आफ्ना खुट्टामा ढल्किरहेकी तिनले
देखे। ९ तिनले सोधे, 'तिमी को हौ? रूथले भनिन्, 'म तपाईंकी दासी रूथ
हुँ। अब तपाईंको लुगा आफ्नी दासीलाई ओढ़ाइदिनुहोस्, किनभने तपाईं मेरा
नजिकका छुटकारा दिने नातेदार हुनुहुन्छ।' १० तिनले भने, ' हे मेरी छोरी,
परमप्रभुले तिमीलाई आशिष् दिऊन्। तिमीले देखाएको यो आखिरी भक्ति
पहिलाको भन्दा प्रगाढ़ छ। धनी कि गरीब कुनै जवान मानिसको पछि तिमी
लागिनौ। ११ अनि अब हे मेरी छोरी, ढुक्क भएर बस। तिमी जे चाहन्छ्यौ म
गर्नेछु, किनभने तिमी चरित्रवान् छौ भन्ने कुरा यस नगरका सबै मानिसलाई
थाहा भइसकेको छ। १२ म तिम्रो नजिकको नातेदार हुँ, सत्य होस तापनि
मभन्दा पनि अझै नजिकको एक जना मोल तिरेर छुटकारा दिने नातेदार छन्।
१३ आजको रात यहीँ बिताऊ, र भोलि बिहान यदि तिनले तिम्रो नजिकको
नातेदारले गर्नुपर्ने कर्तव्य गर्छन् भने ठीकै छ, तर तिनी राजी भएनन् भने म
गर्नेछु। परमप्रभुको शपथ खाएर म यो भन्दछु। अब बिहानसम्म ढल्किरह।'
१४ तब रूथ तिनका खुट्टानेर बिहान नहोउञ्जेल ढल्किरहिन्, तर मानिस
ठम्याउन नसक्ने उज्यालोमा नै तिनी उठिन्। अनि बोअजले भने, ' खलामा
एउटी स्त्री थिइन् भनी कसैले थाहा नपाओस् है।' १५ तब बोअजले भने,
'तिमीले ओढ़ेको खास्टो थाप।' तिनले थापिन्, र बोअजले छ पाथी जति जौ
भरेर तिनलाई बोकाइदिए। अनि तिनी सहरमा फर्के। १६ रूथ आफ्नी
सासूकहाँ आइन्, र नाओमीले सोधिन्, ' हे मेरी छोरी, के भयो? ' १७ तब
ती मानिसले तिनीप्रति गरेका सबै कुरा रूथले बताइदिइन्। तिनले भनिन्, '

उहाँले मलाई यो छ पाथी जौ दिनुभयो। उहाँले मलाई मेरी सासूकहाँ रित्तो हात जान दिनुभएन।' १८ नाओमीले भनिन्, 'हे छोरी, यसको नतीजा के हुँदोरहेछ सो थाहा नपाउञ्जेल शान्त बस। आजै यस कुराको फैसला नगरुञ्जेल तिनलाई चैन हुनेछैन।' र रूथ ४ "१ अब बोअज सहरको मूल ढोकामा गएर बसेका थिए। अनि केही समयपछि तिनले कुरा गरेका ती नजिकका मोल तिरेर छुटकारा दिने नातेदार त्यहींबाट भएर आए। बोअजले तिनको नाउँ काढ़ेर तिनलाई बोलाई भने, 'यता आएर बस्नुहोस्।' तिनी आएर बसे। २ तब बोअजले सहरका दश जना धर्म-गुरुहरूलाई रोकेर बस्ने बिन्ती गरे। अनि तिनीहरू त्यहाँ बसे। ३ तब बोअजले ती नजिकका नातेदारलाई भने, 'हाम्रा दाजु एलीमेलेकको एक टुक्रा जमिनको विषयमा तपाईंलाई यादै होला। मोआबीहरूको देशबाट नाओमी फर्केर आएकी छिन्, र त्यो बेच्न तिनी चाहन्छिन्। ४ यी मेरा जातिका धर्म-गुरुहरूका समक्षमा तपाईंले त्यो लिनुहोस् भनी तपाईंसित यो कुरा उठाउने मैले विचार गरेको छु। नजिकको नातेदारको कर्तव्य तपाईं गर्नुहुन्छ भने गर्नुहोस्, तर गर्नुहुन्न भने मलाई भन्नुहोस्, र मलाई थाहा लाग्नेछ। किनभने तपाईंपछिको नजिकको नातेदार म हुँ।' तिनले भने, 'नजिकको नातेदारको काम म गर्नेछु।' ५ तब बोअजले भने, 'नाओमी र मोआबी रूथबाट त्यो खेत लिएको दिन मरेका मानिसको पैतृक-सम्पत्तिसँग तिनको नाउँ कायम राख्नलाई ती मरेका मानिसकी पत्नी पनि तपाईंले प्राप्त गर्नुहुनेछ।' ६ यो सुनेर ती नजिकको नातेदारले भने, 'म आफै यो काम गर्न सक्दिनँ, किनभने मेरो आफ्नै पैतृक-सम्पत्ति गुमाउने मलाई डर छ। यसर्थ मैले गर्नुपर्ने नजिकको नातेदारको काम तपाईंले गर्नुहोला। म यो काम गर्न सक्दिनँ।' ७ प्राचीन समयमा जग्गाजमिन मोल तिरेर लिंदा वा सट्टापट्टा गर्दा, दिने मानिसले आफ्नो जुत्ता फुकालेर लिने मानिसलाई दिने चलन थियो। इस्राएलमा पक्का गर्ने रीति यस्तै थियो। ८ यसैले ती नजिकको नातेदारले बोअजलाई भने, 'तपाईंले आफ्नै निम्ति त्यो किन्नुहोस्।' अनि तिनले आफ्नो जुत्ता फुकाले। ९ तब बोअजले ती धर्म-गुरुहरू र अरू सबै मानिसहरूलाई भने, 'मैले आजको दिन एलीमेलेक अनि महलोन र किल्योनका जे-जति छन् सो सबै नाओमीको हातबाट प्राप्त गरेको कुरामा तपाईंहरू साक्षी हुनुहुन्छ। १० यसबाहेक महलोनकी पत्नी मोआबी रूथलाई पनि ती मरिसकेका मानिसको पैतृक-सम्पत्तिसँग तिनको नाउँ कायम राख्नलाई तिनका नातेदारहरूका बीचबाट र सहरको खाताबाट तिनको नाउँ नमेटिओस् भनेर मैले आफ्नी पत्नी हुनलाई

प्राप्त गरेको छु। तपाईंहरू आजको दिन साक्षी हुनुहुन्छ।' ११ तब धर्म-गुरुहरू र मूल ढोकामा हुने सबैले भने, 'हामी साक्षी छौं। तपाईंको घरमा आउने यी स्त्रीलाई परमप्रभुले इस्राएलको घराना निर्माण गर्ने राहेल र लेआजस्तै तुल्याऊन्। एप्रातामा तपाईंको कदर होस्, र बेथलेहेममा तपाईंको नाउँ प्रसिद्ध रहोस्। १२ अनि परमप्रभुले तपाईंलाई यस युवतीबाट दिने सन्तानको घराना तामारले यहूदाबाट जन्माएका छोरा फारेसको घरानाजस्तै होस्।' १३ यसरी बोअजले रूथलाई लगे, र तिनलाई आफ्नी पत्नी तुल्याए। जब उनीहरूको सहवास भयो तब परमप्रभुको कृपाले तिनी गर्भवती भइन्, र तिनले एउटा छोरा जन्माइन्। १४ तब स्त्रीहरूले नाओमीलाई भने, 'परमप्रभु धन्यका हुनुहुन्छ। किनभने आज उहाँले तपाईंलाई एउटा नजिकको नातेदारविना छोड्नुभएन। यसको नाउँ इस्राएलमा प्रसिद्ध रहोस्। १५ यो बालक तपाईंलाई नयाँ जीवन दिने र तपाईंको बुढ़ेसकालमा तपाईंको पालन-पोषण गर्ने हुनेछ। किनभने सात भाइ छोराभन्दा पनि असल भएकी, तपाईंलाई प्रेम गर्ने बुहारीले यो बालक जन्माएकी हुन्।' १६ नाओमीले त्यस बालकलाई लिएर आफ्नो काखमा राखिन् र तिनी त्यसकी धाई पनि भइन्। १७ तिनका छिमेकीहरूले भने, 'नाओमीको एउटा छोरो भयो।' अनि उनीहरूले त्यसको नाउँ ओबेद राखे। तिनी नै यिशैका बाबु र दाऊदका बाजे थिए। १८ फारेसको वंशावली यही होः फारेसले हेस्रोनलाई जन्माए। १९ हेस्रोनले आरामलाई जन्माए। आरामले अम्मीनादाबलाई जन्माए। २० अम्मीनादाबले नहशोनलाई जन्माए। नहशोनले सल्मोनलाई जन्माए। २१ सल्मोनले बोअजलाई जन्माए। बोअजले ओबेदलाई जन्माए। २२ ओबेदले यिशैलाई जन्माए। यिशैले दाऊदलाई जन्माए।' (यिनै दाऊदको घरानामा युशूफ जन्मेका थिए जो येशूको धर्मपिता हुन पुगेका थिए)। वैवाहिक जीवनमा पति र पत्नीबीच गरेको प्रेमको गाँठोप्रति एकआपसमा कतिबद्ध हुनुः : होशे १ "१ यहूदाका राजाहरू उज्जियाह, योताम, आहाज र हिजकिया अनि येहोआशका छोरा इस्राएलका राजा यारोबामका शासनकालमा बेरीको छोरो होशेकहाँ आएको परमप्रभुको वचनः २ जब परमप्रभु होशेद्वारा बोल्न लाग्नुभयो, तब परमप्रभुले तिनलाई भन्नुभयो, 'जाऊ, गएर एउटी व्यभिचारिणीलाई विवाह गर, र त्यसको विश्वासघातबाट पैदा भएका सन्तानलाई आफ्ना बनाऊ, किनभने यस देशले परमप्रभुलाई त्यागेर अति घोर व्यभिचारको दोषी भएको छ।' ३ यसैले तिनी गएर दिब्लैमकी छोरी गोमेरलाई विवाह गरे, र त्यसले गर्भवती भएर तिनीबाट एउटा छोरो जन्माई। ४ तब परमप्रभुले

होशेलाई भन्नुभयो, 'त्यसको नाउँ यिजरेल राख्, किनभने चाँडै म येहूको घरानालाई यिजरेलमा भएको रक्तपातबापत दण्ड दिनेछु, र इस्राएलको राज्य अन्त्य गरिदिनेछु। ५ त्यस दिन म इस्राएलको धनु यिजरेलको बेंसीमा भाँचिदिनेछु।' ६ गोमेरले फेरि गर्भवती भएर एउटी छोरी जन्माई। तब परमप्रभुले होशेलाई भन्नुभयो, 'त्यसको नाउँ लो-रूहामा राख्, किनकि इस्राएलको घरानालाई टिठ्याएर म तिनीहरूलाई फेरि-फेरि क्षमा गर्नेछैनँ। ७ तर म यहूदाको घरानालाई टिठ्याउनेछु। धनु, तरवार, लड़ाइँ, घोड़ा र घोड़चढ़ीहरूद्वारा म तिनीहरूलाई उद्धार गर्नेछैनँ, तर परमप्रभु तिनीहरूका परमेश्वरद्वारा नै म तिनीहरूको उद्धार गर्नेछु।'

८ जब त्यसले लो-रूहामाको दूध छोड़ाई, तब फेरि गर्भवती भएर गोमेरले अर्को एउटा छोरा जन्माई। ९ तब परमप्रभुले भन्नुभयो, 'त्यसको नाउँ लो-अम्मी राख्, किनकि तिमीहरू मेरा प्रजा होइनौ, र म तिमीहरूका परमेश्वर होइनँ। १० तैरै पनि इस्राएलीहरूको संख्या समुद्रको किनारका बालुवाझैं हुनेछ, जसलाई न त नाप्न न गन्ती गर्न सकिन्छ। जहाँ तिनीहरूलाई 'तिमीहरू मेरा प्रजा होइनौ' भनिएको थियो, त्यहाँ तिनीहरू 'जीवित परमेश्वरका सन्तान' कहलाइनेछन्। ११ तब यहूदावंशी र इस्राएलीहरू दुवै फेरि एकसाथ मिल्नेछन्, र एउटै नेता नियुक्त गरेर देशबाट निस्कनेछन्, किनभने यिजरेलको दिन महान् हुनेछ।" र होशे ३ "१ परमप्रभुले मलाई भन्नुभयो, 'जाऊ, फेरि गएर तिम्री पत्नीलाई तिम्रो माया देखाऊ, हुन त त्यसलाई अर्को पुरुषले माया गर्छ र त्यो व्यभिचारिणी हो। त्यसलाई माया गर, जस्तो गरी परमप्रभुले पनि इस्राएलीहरूलाई माया गर्नुहुन्छ, यद्यपि तिनीहरू अन्य देवताहरूतिर लाग्छन् र ती पवित्र दाखका रोटीहरू मन पराउँछन्।' २ यसैले मैले त्यसलाई पन्ध्र शेकेल ओजनको* चाँदी र अढ़ाइ मुरी जौ दिएर किनें। ३ तब मैले त्यसलाई भनें, 'तिमी धेरै दिनसम्म मसँग बस्नुपर्छ। तिमीले वेश्या काम नगर्नू र कुनै पुरुषसँग घनिष्ठ नबन्नू, र म तिमीसँगै बस्नेछु।' ४ किनभने इस्राएलीहरू धेरै दिनसम्म राजा र राजकुमारविना, बलिदान र चोखा ढुङ्गाविना तथा एपोद र देवताविना रहनेछन्। ५ त्यसपछि इस्राएलीहरू फर्कनेछन्, परमप्रभु आफ्ना परमेश्वरलाई र आफ्ना राजा दाऊदलाई खोज्नेछन्। पछिल्ला दिनहरूमा तिनीहरू भयसित परमप्रभु र उहाँका आशिष्‌तिर आउनेछन्।"

हामी मानिस सक्रिय जीवन बिताउन चाहन्छौं त्यसकारण हामी एउटा कुनामा कसैसँग वास्ता नगरि थन्किएर बस्दैनौं। हाम्रो जीवनमा प्रायजसो अर्को

व्यक्ति आउँदछ। प्रायजसो हामी सबै वैवाहिक गठबन्धनमा बाँधिन पुग्छौं। त्यस वैवाहिक जीवनमा विभिन्न निर्णयहरू गर्छौं जसले हामीहरूको भविष्यलाई प्रभाव पार्दछ। बालक जन्माउने होस् वा बालकलाई धर्मपुत्र पाल्ने होस्। त्यसको निम्ति श्रीमान र श्रीमतीको बीचमा पारस्परिक निर्णय गर्नुपर्छ। दाम्पत्य जीवनमा कुनै पनि महत्त्वपूर्ण निर्णयहरू गर्दा पारिवारिक हितको निम्ति एकले अर्कोलाई दमन गर्ने होइन तर समझदार भएर एकले अर्कोलाई आत्मसमर्पण गर्ने हुनुपर्छ। संस्कारको नाउँमा श्रीमानले श्रीमतीलाई वा श्रीमतीले श्रीमानलाई दमन गरेर घरेलु हिंसाको बाटो पक्रियो भने कानुनले केही हदसम्म रोक्न त सक्छ। तर वैवाहिक जीवनमा र पारिवारिक सम्बन्धमा संतुष्टि, शान्ति र तालमेल हासिल गर्न सक्दैन वा सुमधुर परिवार फस्ताउन सक्दैन यदि तिनीहरूको बीचमा हुनुपर्ने प्रेमको अभाव त्यहाँ हुन्छ भने।

**तपाईंको जीवनको निम्ति परमेश्‍वर वा प्रभु येशूले दिनुभएको यो वचनवद्धता के तपाईंको व्यक्तिगत जीवनमा अर्थपूर्ण भएको छ? हेर्नुहोस् "५ तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, 'म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।' ६ यसकारण निर्धक्क भएर हामी भन्दछौं, 'प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ। मानिसले मलाई के गर्न सक्छ?" (हिब्रू १३:५-६)। प्रभु तपाईंको साथमा हुने वचनवद्धताले उहाँप्रति, आफ्ना श्रीमान वा श्रीमतीप्रति, तपाईंका छोराछोरीहरूप्रति र तपाईंका विश्‍वासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हुने वचनवद्धतालाई कसरी प्रभाव पारिरहेको छ?**

## उपसंहारः

**थप जानकारीः यदि सामग्री उपलब्ध भएमाः** एलेन जी ह्वाइटद्वारा लिखित द *एडभेन्टिस्ट होमको* पृ. १७७-१८०मा उल्लेखित अध्याय "अ साक्रेड सर्कल" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ६को पृ. २३६-२३८ पढ्नुहोस्।

*यदि हामी येशूका भक्त हौं भनेर दावी गर्छौं भने हाम्रो पहिलो काम एक हुन खोज्नुपर्छ।* "इसाईहरूको पहिलो काम नै परिवारमा एक हो।...जब घर परिवार एक आपसमा नजिक भएर तिनीहरूको कामको निम्ति एक हुन्छन् तब बाहिरी वातावरणमा नपाएको सकारात्मक प्रभाव बाबुआमाबाट छोराछोरीहरूले पाउँदछन्। बाबुआमाहरूबाट पाएको एकताको प्रभाव

छोराछोरीहरूको निम्ति धेरै सहयोगी र हौशलाप्रद हुन्छ।"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. ३७बाट रूपान्तरित।

*परिवारलाई एकशुत्रमा राख्ने मूल रहस्य।* "किन परिवार र चर्चमा विभाजन, झगडा, मनमुटाव र असमझदारी हुन्छ त? त्यसको मूल कारण हो जस्तोसुकै मैहुँ भनेर दावी गर्ने इसाईहरू येशूबाट छुट्टिएर बसेको हुनाले। येशूसँग नजिक आउँदा एकआपससँग पनि नजिक भइन्छ। चर्च र परिवारमा सही एकता ल्याउने रहस्य कुनै कुटनीतिबाट, अनेकौं परिवारको बारेमा परामर्श वा कार्यशाला गरेर व्यवस्थित गर्न प्रयत्नशील हुनुबाट र परिवार र चर्चमा आउने कठिन समस्याहरूलाई समाधान गर्न कुनै बहादुरी प्रयासबाट नभएर केवल एउटै उपायबाट हुनसक्छ त्यो हो पहिले येशूमा एक हुने चाहना। माथि उल्लेख गरिएका उपायहरूले केही हदसम्म सहयोग हुनसक्छ तर सबैलाई एकतावद्ध राख्न सबैजना येशूमा एक हुनु अपरिहार्य छ।"एलेन जी ह्वाइट, एडभेन्टिस्ट होम, पृ. १७९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **समाजमा कस्ता तत्वहरू छन् वा परम्परा र संस्कारको नाउँमा के प्रचलनहरू छन् जुन पारिवारिक एकताको बिरुद्धमा गइरहेकाछन्? यस्ता तत्वहरूबाट संघर्ष गरिरहेका परिवारलाई तपाईंले कस्तो व्यवहारिक समाधानको सल्लाह दिन सक्नुहुन्छ?**

आ) **के तपाईंको चर्चमा यस्तो केही परिवार छ जो टुक्रिन लागेको छ? तपाईं र तपाईंको चर्चले त्यसलाई कसरी सहयोग गर्न सक्नुहुन्छ?**

इ **एक आपसप्रति समर्पित हुनुभनेको के हो? यो इसाई सन्दर्भमा कसरी बुझ्ने? एक आपसको अधीनमा बस्नुपर्छ भन्ने नाउँमा परिवारमा, चर्चमा, कामकार्यालय आदिहरूमा कसरी दुरुपयोग भइरहेको हामी पाउँछौं?**

ई) **परिवार एक हुन चाहिने गुण वा तत्वहरू चर्चमा विश्वासीहरूको बीचमा एकता ल्याउन पनि किन महत्त्वपूर्ण छ?**

## कथा ७

## परोपकारीय काम गरेर सुसमाचार प्रचार गर्न जन्मिएको मार्चेलो फर्नान्डे, अर्जेन्टिना

मेरी श्रीमती र मैले बच्चा पाउन १४ वर्ष प्रार्थना गऱ्यौं ।"यदि तपाईंको इच्छा हो भने हामीहरूको आफ्नै बच्चा होस् नभए कमसेकम कसैलाई धर्मपुत्र वा धर्मपुत्री पाल्न सहयोग गर्नुहोस्" हामीले प्रार्थना गऱ्यौं।

अस्पतालको प्रयोगशालामा हामीहरूको बच्चा हुन्छ कि हुँदैन भनेर डाक्टरले धेरै परीक्षणहरू गरे। ती परीक्षणहरूको नतिजाले हामीहरूको आफ्नै बच्चा हुने संभावना अत्यन्तै कम भएको भनेर डाक्टरले हामीलाई सुनाए। हामीहरूको देश अर्जेन्टिनामा धर्मपुत्र वा धर्मपुत्री पाल्नु धेरै कठिन छ भनेर पनि हामीलाई स्पष्ट भइसकेको थियो।

अनि हामीहरूलाई टाढा देश जहाँ सुसमाचार प्रचार गर्न मनाही गरिएको देशमा परमेश्वरको निम्ति काम गर्ने अवसर मिल्यो। हुनसक्छ, अर्कै देशका बालक वा बालिकालाई धर्मपुत्र वा धर्मपुत्री पाल्ने अवसर परमेश्वरले हामीलाई दिनुहुन्छ होला भनेर हामीले सोच्यौं।

अनि सबै कुराहरू ठिक ठिक मिल्न आयो। अर्जेन्टिनासमेत समावेश भएको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको दक्षिण अमेरिका डिभिजनले अर्को देशमा पाँच वर्षसम्म काम गर्ने हामीहरूको चाहनालाई स्वीकाऱ्यो। हाम्रो देशका चर्चका अगुवाहरूले पनि "हुन्छ" भनेर सहमति जनाए। जुन देशमा हामी जान चाहेका थियौं त्यस देशको सरकारले पनि त्यहाँ हामीहरूलाई काम गर्ने अनुमति दियो।

अनि सबै थोक मिलेपछि मेरी श्रीमती एलिसालाई थाहा भयो कि उनी गर्भवती भइन्। एलिसा ठट्यौली पाराकी थिइन्। उनले भान्सा कोठामा नदेख्ने गरेर क्यामरा लुकाएकी थिइन्। त्यसमा आफू गर्भवती भएको खबर मैले सुनेपछि मेरो प्रतिक्रिया कस्तो हुनेरहेछ भनेर उनी रेकर्ड गर्न चाहेकी थिइन्।

एकदिन बिहानको खानेबेलामा भान्सामा उनले मलाई सानो बाकस दिइन्। मैले पहिला सोचें त्यो बाकस खाली थियो। तर भित्र एउटा कागज देखें। त्यसमा अस्पतालबाट दिएको प्रयोगशालाको विवरण थियो। त्यो मैले झिकें र पढें। त्यसमा हामीहरूको बच्चा भयो भनेर नतिजा लेखिएको रहेछ।

खुशी र अपत्यारको संमिश्रणले मलाई छोप्यो। मलाई के गरुँ के नगरुँ जस्तो भयो। जब मैले भिडियो रेकर्डिङ्ग हेरैं तब म त कठाङ्ग्रिए झैं भएँ। खुशीको अवसरमा मैले मेरी श्रीमतीलाई अङ्गालो पनि मारेको थिइन। मेरो हातमा केवल त्यो प्रयोगशालाको रिपोर्टमात्र थियो र मेरो जिऊ हल्लिरहेको थियो।

मेरो मगजमा अनेकौं कुराहरूको बाढि उर्लन थाल्यो। "अहिले नै किन हे प्रभु? यो त अत्यन्तै अनुपयुक्त समयमा मेरी श्रीमतीले बच्चा पाउने खबर मैले पाएँ। अब त्यो विदेशी देशको सरकारले नआऊ भन्नेछ। हामीहरूका चर्चका अगुवाहरूले पनि नजाऊ भन्ने छन्। दक्षिण अमेरिका डिभिजनले पनि नजाऊ भन्ने छ। आउनेवाला  बालक अत्यन्त महँगो हुनेछ र हामीहरूको काममा बाधा हुनेछ" मैले सोचैं। तर परमेश्वरको आफ्नै समय अत्यन्तै उपयुक्त थियो।

हाम्रो युनियन र डिभिजनले मेरी श्रीमतीको गर्भावस्थाको मामिलालाई लिएर हामीलाई अर्को देशमा पठाउने विषयमा असहमति देखाएनन्। हामी जाने देशको सरकारलाई पनि खबर गऱ्यौं। "केही समस्या छैन। हामीले बालबालिकाहरूलाई माया गर्छौं" भनेर तिनीहरूले जवाफ दिए।

सुसमाचारको निम्ति बन्द भएको देशमा हामी आइपुगेको तिन महिनापछि हाम्रो छोरो इजकिएलको जन्म भयो। उसकै कारणले कमसेकम ८०प्रतिशत प्रभुको निम्ति गवाही दिने ढोका खोल्यो।
स्थानीय बासिन्दाहरूले बच्चाहरूलाई माया गर्दारहेछन् भनेर हामीले थाहा पायौं। त्यतिमात्र नभएर यदि बिदेशीको वच्चा भयो भने झन असल हुनेरहेछ। जतातत्तै मानिसहरूले रोकेर बच्चाको फोटो खिच्ने गर्दा रहेछन्। बाजेबज्यैहरूले बच्चालाई बोकेर तपाईंहरूको बारेमा अझ धेरै जानकारी लिन चाहेको देखिन्थ्यो र बच्चालाई कसरी हुर्काउने भन्ने सल्लाह पनि दिंदा रहेछन्।

परमेश्वरको निम्ति बिऊ रोप्ने अवसरहरू हामीले कल्पना गरेको भन्दा धेरै असल भएको हामीले पायौं। हामी जहाँ जहाँ गएपनि मानिसहरू इजकिएलसँग झुम्मिन थाले।

हाम्रै छोरोको कारणले हामी हामीहरू बसेको घरमा बहालमा बस्नेहरूसँग, बजारका मानिसहरूसँग र पार्कमा घुम्ने मानिसहरूसँग साथी बन्न पुग्यौं। हामीहरूको छोरोको जन्म दिनमा र अरू विभिन्न अवसरमा नयाँ

साथीहरूलाई हामीले घरमा निम्तो दियौं। धेरै आमाबाबुहरूले हामीहरूको छोरासँग तिनीहरूको छोराछोरीहरू खेलेको हेर्न चाहना व्यक्त गरे। हाम्रो छोरोको साबथस्कूल क्लासमा तिनीहरूका छोराछोरीहरूलाई पनि आउन दिन उनीहरूले अनुरोध गरे। हामी बसेकै घरमा भाडा लिएर बसेका एउटा विवाहित दम्पत्तीको हाम्रो छोरोकै उमेरकी छोरी थिइन्। तिनीहरू हाम्रो घरमा बारम्बार आउन थाले। हामीले तिनीहरूको छोरीलाई अङ्ग्रेजी भाषामा लेखिएको बालबालिकाको निम्ति लेखिएको पुस्तक उपहार दियौं।

जुन रूपमा हामीले हामीहरूको बालकलाई हुर्कायौं त्यसले हामीले सोचेको भन्दा पनि धेरै प्रभाव पारेको हामीले महसुस गऱ्यौं। परमेश्वरले धेरै असल छोरो हामीलाई दिनुभएको थियो। त्यस बालकलाई हामी कति अङ्गालो माछौं र माया गर्दा रहेछौं भनेर मानिसहरूले देखे। बालक अत्यन्त हँसिलो भएको पनि तिनीहरूले देखे। त्यसले गर्दा व्यवहारिक रूपमा परमेश्वरको प्रेम तिनीहरूले देख्न पाएका थिए।

इजकिएलको प्रभावकारीरूपमा गवाही बन्ने क्षमताले गर्दा अचम्मको कुरो भयो। मेरी श्रीमती फेरि गर्भवती भइन् र छोरी जन्माइन्।

स्थानीय मानिसहरूको निम्ति छोरा पनि छोरी पनि हुनु भनेको भाग्यको कुरो हो भन्न थाले। बाटोमा हिँड्ने जो पनि हामीहरूको छोरा छोरी कसरी भए भनेर बुझाइदिन भनेर अनुरोध गर्न थाले। एउटै परिवारमा छोरा र छोरी हुनुभनेको त्यस देशका स्थानीय समाजको निम्ति सिद्ध घरपरिवार भनेर विश्वास गरिन्थ्यो। हामीले तिनीहरूलाई धन्यवाद दिन्थ्यौं र भन्थ्यौं हामी सिद्ध परमेश्वरको बारेमा चित्रण गरेर देखाउँथ्यौं।

**यो कस्तो अचम्मको गवाही हो!**

येशूले मत्ती २४:१४मा भन्नुभएको छ "राज्यको यो सुसमाचार सारा संसारका राष्ट्रहरूमा गवाहीको निम्ति फैलिने छ, अनि अन्त्य हुनेछ" (रूपान्तरित)।

हामीहरूको मुखले बोल्नुभन्दा हामीहरूको जीवनले दिने गवाही अत्यन्तै प्रभावकारी हुन्छ। परमेश्वरले हामीहरू जीवित गवाही भएको चाहनुहुन्छ भनेर म विश्वास गर्छु। रहस्यमय तरिकाले हामीहरूले उहाँको निम्ति गवाही हुन उहाँले हामीलाई अवसर दिनुहुन्छ भन्ने कुरामा म विश्वास गर्छु।

मत्ती २४:१४को वचन पूरा गर्न र येशूको दोस्रो आगमनको निम्ति तयार हुन परमेश्वरले मेरो छोरोलाई प्रयोग गरिरहनुभएको छ। मेरी श्रीमती र मेरो भन्दा मेरो छोरोको मुकुटमा धेरै ताराहरू हुने होलान् भनि म विश्वास गर्दछु।

पापीहरूको निम्ति परमेश्वरको योजना जहिले पनि कति असल हुँदो रहेछ भनेर परमेश्वरले मलाई देखाउनुभएकोमा म अत्यन्त आशिषित भएको ठान्दछु। यशैया ५५:८मा परमेश्वरले भन्नुहुन्छ "मेरा बिचारहरू तिमीहरूका बिचार जस्ता होइनन्। तिम्रा बाटोहरू मेरा बाटोहरू जस्ता होइनन्" (रूपान्तरित)।

हामीले यो वचन धेरै प्रवचनहरूमा सुन्छौं तर तपाईंकै जीवनमा यो देखियो भने अत्यन्तै गजबको हुन जान्छ। परमेश्वरको योजना जहिले पनि सिद्ध हन्छ।

*-मार्सेलो फर्नान्डोले आन्ड्र्यु मेकचेस्नीलाई भनेको आधारमा*